# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १८० | काठमाडौं | शुक्रबार, ३ कात्तिक २०८० | Prabhab National Daily | Friday, October 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## उपप्रधानमन्त्री श्रेष्ठ चीनमा अस्वस्थ

### बेइजिङस्थित अस्पतालमा उपचार हुँदै



- मुटुको एउटा धमनीमा 'ब्लकेज' हुँदा समस्या
- निगरानीका लागि आइसियूमा
- स्वास्थ्य अवस्थामा सुधार

**काठमाडौं (प्रस)–** चीन भ्रमणमा रहेका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ अस्वस्थ भई अस्पताल भर्ना भएका छन् । बेइजिङस्थित पेकिङ युनियन मेडिकल कलेज अस्पतालको आइसियूमा उनको उपचार भइरहेको छ ।

'एक्युट मायोकार्डियल इन्फ्याक्सन' भएकाले आकस्मिक कोरोनरी एन्जियोग्राफी गर्दा मुटुको एउटा धमनीमा ब्लकेज रहेपछि निगरानीका लागि उनलाई आइसियूमै राखिएको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार उनको स्वास्थ्य अवस्था भने सामान्य छ ।

अस्पतालले जारी गरेको मेडिकल सर्टिफिकेटमा उनको मुटुको बायाँ धमनीमा 'स्टेनोसिस' देखिएको पनि उल्लेख छ । मन्त्री श्रेष्ठलाई निरन्तर निगरानी र उपचारका लागि मेडिकलको आइसियूमा राखिएको जानकारी अस्पतालले दिएको छ ।

'मायोकार्डियल इन्फ्याक्सन' लाई बोलचालको भाषामा हृदयघात भन्ने गरिन्छ । मुटुको एक भागमा रगतको प्रवाह कम वा पूर्णरूपमा बन्द हुँदा यस्तो समस्या हुन्छ । यसले गर्दा 'हेमोडायनामिक' हुने र बिरामीको मृत्युसमेत हुने मुटुरोग विशेषज्ञहरू बताउँछन् ।

तर, गृहमन्त्री श्रेष्ठको स्वास्थ्यमा भने स्वास्थ्य सुधार भइरहेको र उनको अवस्था खतरामुक्त रहेको अस्पतालले जनाएको छ । बुधबार राति करिब १ बजे श्रेष्ठलाई हृदयघात भएको थियो । अस्पतालमा भने साढे २ बजेतिर मात्रै पुऱ्याइएको थियो । श्रेष्ठलाई 'सामान्य हृदयघात' भएको भनिएको छ । उनको स्वास्थ्यमा पनि सुधार भइरहेका उल्लेख छ ।


'उहाँ पूर्ण होसमा हुनुहुन्छ । स्वास्थ्यमा सुधार भइरहेको महत्त्वपूर्ण संकेत देखिएको छ,' अस्पतालले जारी गरेको सूचनामा भनिएको छ । सरकारले पनि गृहमन्त्री श्रेष्ठको स्वास्थ्य अवस्था खतरामुक्त रहेको जानकारी दिएको छ । सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले गृहमन्त्री श्रेष्ठ अहिले बोल्न सक्ने हालतमा रहेको जानकारी दिइन् । श्रेष्ठको अवस्था खतरामुक्त रहेको पनि उनले बताइन् ।

'गृहमन्त्रीज्यू अहिले चीन भ्रमणमा हुनुहुन्छ । उहाँलाई अचानक गएराति (बुधबार) हृदयाघात भयो र उहाँको बेइजिङस्थित अस्पतालमा अप्रेसन भएको छ । उहाँ अहिले खतरामुक्त हुनुहुन्छ,' मन्त्रिपरिषद् बैठकपछि पत्रकारहरूसँग भनिन्, 'केही दिन उहाँ उतै रहनुहुनेछ । बोल्नसक्ने स्थितिमा आउनुभएको छ ।'

तेस्रो बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोअपरेसन (बिआरएफ)मा सहभागी हुन श्रेष्ठ चीनको बेइजिङ गएका हुन् । चिनियाँ सरकार र पार्टीका उच्च अधिकारीहरूले उच्चतम प्रविधि अपनाउन र उनको उपचारमा विशेष ध्यान दिन अस्पताल प्रशासनलाई निर्देशन दिएका छन् । यसअघि उनी आज शुक्रबार स्वदेश फर्किने कार्यतालिका थियो । हृदयघात भएपछि भने उनी उपचारपछि मात्रै स्वदेश फर्किने भएका हुन् ।

# शेखर-गगनबीच बोलचालै बन्द !

■ प्रभाव संवाददाता



- डा. शेखर कोइरालासँग एक महिनायता भेटघाट र बोलचाल नै नभएको गगनको खुलासा
- गगनसँग पछिल्लो समय फोन कुराकानीसमेत हुन छाडेको शेखर सचिवालयको भनाइ
- देउवाको एकलौटीविरूद्ध लड्न जुटेको समूह आफैं टकरावमा

**काठमाडौं–** नेपाली कांग्रेसमा सभापति शेरबहादुर देउवाको मनपरी बढेको भन्दै एक भएर महाधिवेशन उत्रेका दुई नेता नै बोलचाल बन्द हुने अवस्थामा पुगेका छन् । देउवाको एकलौटीविरुद्ध १४औं महाधिवेशनमा डा. शेखर कोइराला र गगन थापा 'टिम अप' गरी भिडेका थिए ।

सभापतिमा देउवाले जित निकाल्दा महामन्त्रीमा शेखर समूहका गगन निर्वाचित भए । १३ औं महाधिवेशनमा भन्दा पार्टीमा देउवा थप शक्तिशाली बने । केन्द्रीय समितिमा देउवाको मनपरी अझै बढ्न थालेको छ । दुई-दुई महिनामा बस्नुपर्ने केन्द्रीय समिति वर्ष दिनसम्म बस्न नसक्दा पनि कांग्रेस संस्थापनइतरले खासै आवाज उठाउन सकेन । दुई महामन्त्री गगन र विश्वप्रकाश शर्माले भने केन्द्रीय समिति बैठकबारे आवाज उठाइरहे । उनै देउवाले भदौपछि एकैचोटि साउनमा केन्द्रीय समिति डाके ।

केन्द्रीय समिति लाइभ गरेर देउवाले वाहवाही बटुल्दा दुई महामन्त्री भने रक्षात्मक देखिए । कांग्रेसमा अझै पनि भ्रातृ संगठन लथालिंग अवस्थामा छन् । केन्द्रीय कोषाध्यक्षको चयन हुन गर्न देउवाले कुनै तयारी गरेका छन् । महाधिवेशन २०७८ मंसिरमा सम्पन्न भएको थियो । महाधिवेशन सकिएको छ महिनामा केन्द्रीय समितिमा पूर्णता दिनुपर्ने हो । त्यो काम अझै अपूरै छ । यस्तो अवस्थामा कांग्रेस कोशी प्रदेश सरकार निर्माणको प्रक्रियामा विवादमा तानियो ।

### एउटै समूहका दुई नेताबीच बोलचालै बन्द

कोशी प्रदेशमा शेखर समूहका नेता केदार कार्की मुख्यमन्त्री भएका छन् । कोशी प्रकरणमा असन्तुष्ट जनाएका गगनले आफूले महिना दिनयता नेता शेखरलाई नभेटेको खुलासा गरेका छन् । 'वरिष्ठ नेताजीसँग एक महिना जति भयो भेट नभएको । पत्रपत्रिकामा पढिरहेको छु । भेटघाट भएमा भनौंला,' काठमाडौंको बत्तीसपुतलीमा बिहीबार नेपाल प्रेस युनियनले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले भने ।

गगनसँग लामो समय संवाद हुन नसकेको शेखरको सचिवालय पुष्टि गऱ्यो । शेखर गगन टसल संसदीय दलको निर्वाचनदेखि नै हो । यद्यपि गत असोज २ गते दुई नेताबीच बालुवाटारस्थित शेखरको सचिवालयमा केन्द्रीय समितिमा प्रस्तुत हुने एजेण्डाबारे छलफल हुँदा गगन उपस्थित भएका थिए । बरु निम्ता पाएका महामन्त्री शर्मा र केन्द्रीय सदस्य प्रदीप पौडेल भने गुटभेलामा आएनन् । केन्द्रीय सदस्य पौडेल पछिल्लोपटक शेखरसँग नजिकिन थालेका छन् ।

कोशी प्रकरणमा देउवासँग भेटेर आफूले पहिले अँध्यारो कोठामा काम गर्ने अनि पछि सबैलाई बोलाएर निर्णय गर्ने काम गर्न नहुने अडान राखेको दाबी गरे । 'सभापतिजीलाई केही दिनअघि भेट भएको थियो । धेरै पछि उहाँसँग भेट भयो । प्रदेश सरकार निर्माणबारे मैले उहाँसँग हात जोडेर भने तपाईं पहिले काम गर्ने । काम गरेपछि निर्णय गर्ने । सबै कुरा अँध्यारोमा गर्ने । फोहोर सफा गर्नेबेला अरुलाई बोलाउने । यसो नगर्नूस् भनेर आएको छु,' गगनले भने ।

उनले आफू शेखरको जस्तो विद्रोहमासमेत नलाग्ने बताए । कोशीमाझैं अरु प्रदेशमा पनि सरकार बदल्न कांग्रेस प्रदेश सांसदहरूले चाहेको उल्लेख गर्दै गगनले यसबारे शेखरलाई कटाक्षसमेत गर्न भ्याए । 'कांग्रेसमा विद्रोह हैन बदल्नुपर्छ । परिवर्तनको चेत सम्बन्धमा म सचेत छु । पार्टीलाई बदल्नुपर्छ भन्ने हिसाबमा म लागेको छु । नेतृत्वको सन्दर्भमा सबै यसरी नै लाग्नुपर्नेछ,' उनले भने ।

बागमती प्रदेशका केही कांग्रेस सांसदले आफूकहाँ आएर माओवादी नेतृत्वको प्रदेश सरकार कोशीमाझैं ढाल्न आग्रह गरेकोसमेत गगनले खुलाए । 'हामी माओवादीको मुख्यमन्त्री मान्दैनौं । हाम्रो पनि १२/१३ जना पुग्न लागेको छ । सरकार बदल्नुपर्छ भनेर बागमतीका साथीहरू आउनुभएको छ,' गगनले भने, 'मैले पार्टी सभापति र वरिष्ठ नेतालाई सोध्नुहोला भनेर फर्काएको छु ।'

### कांग्रेसले जनयुद्ध दिवस मान्दैन

महामन्त्री थापाले नेकपा माओवादीले सशस्त्र द्वन्द्व सुरु गरेको फागुन १ गतेलाई 'जनयुद्ध' दिवस नमान्ने बताएका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले फागुन १ मा सार्वजनिक बिदा दिने २०७९ माघ २९ मा निर्णय गरेको थियो । महामन्त्री थापाले आफ्नो पार्टी सामेल नभएको त्यतिबेलाको सरकारले दिएको सार्वजनिक बिदालाई नमान्ने बताएका हुन् ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# 'युरोपमा रोजगारीको ढोका खुल्यो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले जर्मनी र रोमानियासँग गरिएको श्रम समझदारीले युरोपमा नेपालीहरूलाई रोजगारीको ढोका खोलेको बताएका छन् । मन्त्री भण्डारीले बिहीबार सिंहदरबारस्थित मन्त्रालयमा बडा दसैं, तिहार, छठ पर्व र नेपाल संवत् ११४४ लगायतका अवसरमा शुभकामना आदानप्रदान गर्न आयोजित कार्यक्रममा सो कुरा बताएका हुन् ।

वैदेशिक रोजगारीको क्षेत्रमा थुप्रै सुधारका कार्य भइरहेको भन्दै उनले स्वदेशमा बस्नका लागि आर्थिक स्थिति सुदृढ नभएसम्म विदेश जाने नेपालीको क्रम नरोकिने बताए । वैदेशिक रोजगार बाध्यात्मक भएकाले विदेशिने कसैलाई पनि रोक्न नसकिने मन्त्री भण्डारीको भनाइ छ । यस्तो अवस्थामा मलेसिया र खाडी मुलुकमा केन्द्रित हुँदै आएको श्रम गन्तव्य अब युरोपतिर मोड्नुपर्नेमा उनले जोड दिए ।

'युरोपलाई श्रम गन्तव्य बनाउने सरकारको योजनाअनुरूप नै पछिल्लो समय जर्मनी र रोमानियासँग श्रम समझदारी गरिएको हो,' मन्त्री भण्डारीले भने, 'युरोपमा विभिन्न माध्यमबाट धेरै नेपाली पुगेका छन्, श्रमिकको सुरक्षा र आम्दानीको हिसाबले पनि युरोप बढी सुरक्षित छ ।'

यसअघि प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा युरोप रोजगारीलाई लक्षित गर्दै राज्यका विभिन्न अंग, सरोकारवाला र १३ देशका राजदूतसहितको उच्चस्तरीय बैठकले पनि ४७ बुँदे निर्णय गर्दै युरोपलाई अबको गन्तव्य बनाउनुपर्ने म्याण्डेड दिएको थियो । सोहीअनुरूप रोमानिया र जर्मनीसँग श्रम समझदारी गरेर नयाँ गन्तव्यको बाटो निर्माण गरिएको मन्त्री भण्डारीले बताए ।

गत आर्थिक वर्षमात्रै १४ हजारभन्दा बढी नेपाली रोमानिया पुगेको उनले बताए । सरकारले गरेको श्रम समझदारीबाट श्रमिकले थप अवसर प्राप्त गर्न सक्ने उनको भनाइ छ । 'धेरै कुरा बुझ्दा रोमानिया उचित गन्तव्य देखियो, विदेशी श्रमिकमध्ये त्यहाँ जाने नेपालीहरूको संख्या दोस्रो स्थानमा रहेको जानकारी पाइयो,' मन्त्री भण्डारीले भने । रोमानियासँग भएको श्रम समझदारीले युरोपको रोजगारीमा नयाँ आयाम थपेको उनको भनाइ छ ।

जर्मनीबाट निकै टाढा र थुप्रै नेपाली रहेका कारण रोमानियामा नेपाली दूतावास स्थापनाका लागि पनि पहल भइरहेको उनले जानकारी दिए ।

त्यसैगरी जर्मनीसँग गरिएको श्रम समझदारीले पनि नेपालीहरूलाई सम्मानजनक रोजगारीको अवस्था सिर्जना भएको मन्त्री भण्डारीले बताए । जर्मनीमा श्रमिकलाई कसरी पठाउने भन्ने सम्बन्धमा दुवै मुलुकका संयुक्त कार्यसमितिले निर्णय गर्ने उनले जानकारी दिए । 'संयुक्त कार्यसमितिले तय गरेको निर्णयअनुसार जर्मनीमा जाने श्रमिकको आधारभूत मापदण्ड बन्नेछ,' मन्त्री भण्डारीले भने, 'समझदारीअनुसार नेपाली श्रमिकको पारिश्रमिक, सेवासुविधा जर्मनी नागरिकसरह हुनेछ ।' ८० प्रतिशत साना तथा मझौला उद्योग व्यवसाय रहेको जर्मनीमा सबै रोजगारीका क्षेत्र खुला रहेकाले आफ्नो सीप र दक्षताअनुसार श्रमिकले काम गर्ने अवसर प्राप्त हुने उनले बताए ।

जर्मनी र रोमानियासँग श्रम समझदारी गरेसँगै युरोपका अन्य मुलुकसँग पनि सम्झौताको लागि विभिन्न चरणमा छलफल भइरहेको मन्त्री भण्डारीले बताए । उनका अनुसार माल्टा, क्रोएसिया, साइप्रस र पोर्चुगलसँग श्रम समझदारीको लागि डकुमेन्ट आदानप्रदान गर्ने काम भइरहेको छ । यी मुलुकहरूसँग छिट्टै सम्झौता हुने मन्त्री भण्डारीले विश्वास व्यक्त गरे । त्यस्तै टर्की, सेसेल्स, पोल्याण्डसँग पनि श्रम समझदारी नजिक पुगेको उनले जानकारी दिए ।




नवरात्रको पाँचौं दिन

# विधिपूर्वक गरियो स्कन्दमाताको पूजा आराधना

**काठमाडौं (प्रस)–** नवरात्रको पाँचौं दिन दसैंघर तथा पूजा कोठामा नौ दुर्गामध्येकी पाँचौं स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको छ । प्रत्येक वर्ष आश्विन शुक्ल पञ्चमी अर्थात् दुर्गा पक्षको पाँचौं दिन स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिन्छ । यस दिन स्कन्दमाताको षोडशोपचारले पूजा आराधना गर्ने वैदिक सनातनी नियम छ ।

पौराणिक ग्रन्थमा स्कन्दमाताका विषयमा विभिन्न कथा वर्णन गरिएको छ । कुनै समय शिव र पार्वती ऋषिहरूका सभामा जाँदा सबैले उठेर स्वागत गरे । ऋषि सनतकुमार ध्यानमा मग्न भएकाले उठेनन् । यो पार्वतीलाई मन परेन । पार्वतीले ऋषिलाई 'तिमी ऊँट बन' भनी श्राप दिइन् । ऋषि ऊँट बने । शिवले पार्वतीलाई 'ज्ञानीलाई कुनै श्रापले स्पर्श गर्न सक्दैन, यसैले ऊँटका योनिमा पनि आफ्नो ब्रह्मस्वरूप ज्ञानले आनन्दमा मस्त छन्' भनी दुवै दम्पती ऊँटधारी सनतकुमारलाई हेर्न गएछन् ।

पार्वतीले ऋषिलाई ऊँटको योनिमा कस्तो अनुभव हुन्छ भनी सोध्दा ऋषिले 'मलाई हजुरले ऊँटको योनी प्रदान गरेर ठूलो अनुग्रह गर्नुभयो' 'भोक लागेका बेला जंगलका काँडाहरू चपाउँछु र आनन्दसँग ब्रह्मचिन्तन गरेर बस्छु, मलाई यस योनीमा कुनै पनि कष्टको अनुभव छैन' भनी उत्तर दिएछन् ।

ऋषिको कुराबाट पार्वती प्रभावित हुँदै भनिछन्, 'ऋषिजी तपाइँ ज्यादै ठूलो ब्रह्मज्ञानी हुनुहुँदो रहेछ, यहाँको महत्त्व नबुझी मैले दिएको श्रापबाट मलाई ठूलो पश्चात्ताप छ, अब म तपाईंलाई पुत्रका रूपमा प्राप्त गर्न चाहन्छु ।' पार्वतीको आज्ञालाई स्वीकार गरी सनतकुमारले पार्वतीबाट जन्म ग्रहण गरेकाले स्कन्दमाता नाम रहन गएको भन्ने कथा पाइन्छ । स्कन्दको अर्थ सनतकुमार रहेको छ । स्कन्दमाताको प्रतिमा लक्षणमा यिनी सिंहासनमा बसेकी तथा दुवै हातले कमल पुष्प समाएको हुने विवरण पाइन्छ ।

छान्दोग्य श्रुतिका अनुसार भगवतीको शक्तिबाट उत्पन्न भएकाले सनत्कुमारको नाम स्कन्द रहन गएको हो । स्कन्दको माता भएकाले पार्वती नै स्कन्दमाताका नामले कहलाएका हुन् । यस्तो महत्त्व भएकी देवीको बिहीबार विधिपूर्वक पूजा, आराधना गरिएको हो ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् ।

नवरात्रको पहिलो दिन असोज २८ गते आइतबार दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो ।

दोस्रो दिन सोमबार पूजास्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन मंगलबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो । चौथो दिन बुधबार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो । पाँचौं दिन बिहीबार स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको हो ।

दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ । यस अवसरमा राजधानी र राजधानीबाहिरका शक्तिपीठमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ ।

## शेखर–गगनबीच...

पृष्ठ १ बाट जारी

'यो सरकारको प्रधानमन्त्री माओवादीको अध्यक्ष हुनुहुन्छ । हामी अघिल्लो सरकारमा थिएनौं । यो सरकारले फागुन १ गते जनयुद्ध दिवस मनाउँछु भनेर बिदा दिन्छु भन्यो भने कांग्रेसले हामी गठबन्धनमा छौं, यसलाई मान्छौं भनेर स्वीकार गर्न सक्छ ? सक्दैन,' महामन्त्री थापाले भने, 'हाम्रा लागि त्यो सैद्धान्तिक विषय हुन्छ । हामी फागुन १ लाई दिवसको रूपमा मान्दैनौं ।'

फागुन १ मा बिदा दिने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा द्वन्द्वपीडितले दायर गरेको रिट विचाराधीन छ । थापाले आगामी चुनावमा कांग्रेसले गठबन्धन गरे पार्टी एक नरहने बताएका छन् । 'अबको चुनावमा कांग्रेसले गठबन्धन गर्दैन, गर्‍यो भने पार्टी एक रहन्न,' उनले भने ।

**"पपुलिजमको रोग हटाऊ"**

पार्टी अहिले पपुलिजमको रोगले गाँजेको उल्लेख गर्दै गगनले यो रोगबाट हटाउन सबैले भूमिका निभाउनुपर्ने बताए । 'अहिले पपुलिजमको रोग छ । पार्टीलाई पनि गाँजेको छ, संसद्लाई गाँजेको हुन्छ । पपुलिजमको रोगबाट जोगाउन सबै लाग्नुपर्छ,' उनले भने ।

दसैंमा असुर प्रवृत्तिको अन्त्य गर्न आफैंबाट सुरुआत गर्नुपर्ने गगनको भनाइ थियो । 'असुर कहाँ छ भनेर हामी झ्यालबाट हेर्छौं । आफैंभित्र भएको असुर प्रवृत्ति परास्त गरौं,' दसैंको शुभकामना दिँदै उनले भने, 'आफैंभित्रको कुन्ठा, आफैंभित्रको घमण्ड, प्रतिशोधको भावना अन्त्य गर्नुपर्नेछ ।'

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/०३ गते)

किडसाङ भोटेको नाति, पिम्बा रोवुक भोटे/नेसुम भोटेको छोरा लाक्पा छेजिक ल्होमीको पति संखुवासभा जिल्ला, चेपुवा गा.वि.स वडा नं ०३ बस्ने पुछाङा भोटेको मिति २०७६/०५/०८ मा मृत्यु भएकोले निजको संयुक्त नाममा यस बैंकको रामहिटी, काठमाण्डौ शाखामा रहेको बचत खाता नं.२४७०१६६९०३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको संयुक्त खातावाल मध्ये मृतक पुछाङा भोटको श्रीमती लाक्पा छेजिक ल्होमी तथा संयुक्त खातावाल नुर्पु भोटे र छेजाप भोटे सहितले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय रामहिटी, काठमाण्डौमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय रामहिटी, काठमाण्डौ फोन नं.:०१-४८१२९७८

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति २०८०/०७/०२ LT. No. 294174 चलानी नं. ६०२०९२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ADMINISTRATIVE SUPERVISOR | 2 | 0 | 2500 | ९१४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | executive accountant | 0 | 1 | 3600 | १३१६९४ | | | | | | | |
| 3 | LABOUR | 3 | 0 | 1000 | ३६५८१ | | | | | | | |
| 4 | Salesman | 1 | 5 | 1400 | ५१२१४ | | | | | | | |
| 1 | SUPERVISIOR | 0 | 1 | 2500 | ९१४५४ | | | | | | | |

कम्पनी : SAMA QARYATI TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/११ पून स्वीकृति मिति २०८०/०७/०२ LT. No. 280110 चलानी नं. ६०१९५५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECK & GUAN METAL FINISHING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१६ पून स्वीकृति मिति २०८०/०७/०२ LT. No. 281763 चलानी नं. ६०१९७२८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४१९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## Belkotgadhi Municipality

Baghkhor, Nuwakot, Bagmati Province, Nepal

**Invitation for Bids**

**First Date of Publication: 2080/07/03 (October 20, 2023)**

1. Belkotgadhi Municipality, Office of the Municipal Executive, Baghkhor, Nuwakot invites Hard copy sealed quotation from eligible consultancy for the following listed consulting services as specified below under National Competitive Bidding procedures.
2. Bids shall be purchased from Office of the Municipal Executive, Baghkhor, Nuwakot before office hours upto the last date of purchase 2080/07/17 on the submission of a written application, along with the copy of registration certificate, business registration, VAT certificate, tax clearance certificate of fiscal year 079/080 or time extension and the payment of non-refundable amount for bid document fee as stated below..
3. Bids shall be submitted as per the provided bill of Quantity and Terms of reference (TOR) within 12:00 hours of the deadline for bid submission: 2080/07/19 (November 5, 2023) on the Office Of Municipal Executive, Baghkhor, Nuwakot ..
4. **Bid Opening Date**: 2080/07/19 (November 5, 2023), at 13:00 hours.
   Information to deposit the cost of Bidding Document and Bid Security Amount in Bank:
   **Name of the Bank**: Sanima Bank Limited, Belkotgadhi Branch, Nuwakot
   **Name of the Office**: Belkotgadhi Municipality, Office of the Municipal Executive, Nuwakot
   **Ga. 1. 1. Antarik Rajaswa Khata no**. :041010040000081 (for bid document fee)
   **Ga. 3. Sthania taha Dharauti Khata no:** 041010040000091 (for bid security amount)
5. Eligible Bidders may obtain detailed information and inspect the bidding documents at the Office of the Municipal Executive, Baghkhor, Nuwakot.
6. The bid will be evaluate first those who quote the least rate on Bill of quantity .
7. All the other matter and issues not covered under this notice will be as per the prevailing laws, latest amendment of Public procurement act 2063 and public procurement regulations 2064.

| Contract Identification No. | Description of Works | Estimated Amount excluding VAT (NRs.) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| Contract ID: BGM/ NCB/ WSS/CS/ 01/080-81 | Detailed Engineering Survey, Design and Report Preparation (DPR) for Nepane water Supply Project as per the provided TOR | 353,150.44 | 10,000 | NRs. 1000 |
| Contract ID: BGM/ NCB/ WSS/CS/ 02/080-81 | Detailed Engineering Survey, Design and Report Preparation (DPR) for Baghkhor water Supply Project as per the provided TOR | 353,150.44 | 10,000 | NRs. 1000 |
| Contract ID: BGM/ NCB/IS/CS/ 03/080-81 | Detailed Engineering Survey, Design and Report Preparation (DPR) for Kolpukhola-kumari Phant Irrigation Project as per the provided TOR | 390,955.75 | 10,000 | NRs. 1000 |

**Chief Administrative Officer**

प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय धनगढी, कैलाली

## गोलिया काठ/दाउरा लिलाम सम्बन्धि २१ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०७/०३

यस कार्यालय अन्तर्गतका बिभिन्न राष्ट्रिय वनक्षेत्र प्लटहरुबाट बिभिन्न आ.ब. हरुमा उत्पादन तथा घाटगद्दी भएको निम्न लटको गोलिया काठ/दाउराहरु जे जो अबस्थामा छ, सोही अबस्थामा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक ब्यक्ति, संघ/संस्था, फर्म वा कम्पनिले प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सुदूरपश्चिम प्रदेश, वन निर्देशनालय वा यस कार्यालयबाट बोलपत्र खरीद गरी डिभिजन वन कार्यालय कैलाली, धनगढीमा सिलबन्दी बोलपत्र दाखीला गर्न आह्वान गरीन्छ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुनका साथै यस सम्बन्धी बिस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरीएको ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल:

| क.सं. | लट नं. | जात | थान | आयतन (क्यू.फी. | न्यूनतम् मूल्य रु. |
|---|---|---|---|---|---|
| १ | ११-२०८०/०८१ | साल | १०८ | १२४७.९२ | ८९७०६५.५० |
| २ | | सल्लो | २३ | २४२.०० | ६२२५४.०० |
| ३ | | असना | १ | ४.११ | १२३३.६० |
| ४ | | मौवा | ३ | ३६.८३ | ३६८३.०० |
| | | जम्मा : | १३५ | १४३०.८६ | ९६४२३६.१० |
| ५ | | मिश्रित दाउरा (चट्टा) | ०.५ | - | ४०००.०० |
| १ | १६-२०८०/०८१ | साल | १७ | २७६.५३ | १९३२५५.०० |
| १ | १०-२०८०/०८१ | साल | १२ | १३९.८६ | ११६१२६.०० |
| २ | | असना | ६५ | ८५९.६९ | २२३४७९.०० |
| ३ | | कर्मा | ३ | १७.६३ | १७६३.०० |
| ४ | | अन्यजात | ३४ | ३०३.०४ | ३०३०४.०० |
| | | जम्मा : | ११४ | १३२०.२२ | ३७१६७२.०० |
| ५ | | मिश्रित दाउरा (चट्टा) | | १.०० | ८०००.०० |
| १ | १२- २०८०/०८१ | साल | १६९ | १६०८.९९ | ९८२२६१.०० |
| २ | १७- २०८०/०८१ | आप | १४ | १२७.४३ | २५४८६.०० |
| ३ | | टिक गोलिया | १९ | ७४.१८ | ५९३४४.०० |
| ४ | | टिक बल्लावल्ली | ३ | ८.६७ | १४७३.९० |
| | | जम्मा : | ३६ | २१०.२८ | ८६३०३.२८ |
| ५ | | मिश्रित दाउरा (चट्टा) | | ०.७५ | ३०००.०० |

## Kedasyun Rural Municipality

**Office Of The Kedarsyun Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

## Invitation Bids for Construction of Projects

**Date of publication:-2080/07/03(20 Oct 2023)**

1. Kedarsyun Rural Municipality Office, Deura Bajhang has invited electronic bids on 2080/07/03 (20 Oct 2023) from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount without VAT & Contingencies | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/Work-02/2080/081 | Seti River RCC Protection Counterfort wall Construction Work Kedarsyun 1 Deura, Bajhang | 42,46,493.04 | 3000.00 | 1,20,000.00 | 2080/08/04 (2023 Nov 20) (12:00 Non) |
| KRM/NCB/Work-03/2080/081 | Seti River RCC Protection Counterfort wall Construction Work Kedarsyun 9 Jhota, Bajhang | 42,46,347.57 | 3000.00 | 1,20,000.00 | 2080/08/04 (2023 Nov 20) (12:00 Non) |

2. The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: 07501400250009 of Nepal Investment mega Bank,Jhota Branch and electronic scanned copy (pdf formate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.

Information to deposite Bid Security in Bank:

**Name of The Bank** : **Nepal Investment Mega Bank,JhotaBajhang.**
**Name of Office** : **Kedarsyun Rural Municipal Executive ,DeuraBajhang**
**Deposite Account No.** : **075001400250153**

4. For more information about bidding process and bid documents, please visit

http://www.bolpatra.gov.np/egp,

**Chief Administrative Officer**
**Kedarsyun Rural Municipality Office Deura, Bajhang**

# भीमफेदी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमफेदी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०|०७|०३**

यस गाउँपलिकाबाट निर्माण कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार ७-द्यष्म मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मूल्यांकन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताको आधारमा योग्य भई सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम तपसिलमा उल्लेखित मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रदाताः**

**ठेक्का नः BRMMK/NCB/CBMSK/04/2080.081** — **मिति : २०८०/०७/१० गते शुक्रवार**
**नाम : बुढीचौर महाभिर सडक खण्ड .** — **स्थानः भीमफेदी गा.पा विहान २:०० बजे**

| सि.नं | बोलपत्र दाताको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| 1 | Hyulla/Mahabir/K.H.-JV | |
| 2 | Alfa Hex/ P.B.S.T/ Shaswat-JV | |
| 3 | B.K.S.K./Deupur J.V | |
| 4 | B&B-CB-Panchakanya J/V | |
| 5 | Ramjane/Bhimdhunga/Bhawani J.V | |
| 6 | Gole-Infrastructure Joint Venture | |
| 7 | Chaudhary Nirman Sewa Janakpur-15 | |

**प्रमुख प्रशासकीय अधिकृत**


# सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १७९ कार्तिक २ गते २०८० मा प्रकाशित **MAHAD MANPOWER PVT. LTD.** को Lot No. 293704 को **UNIVERSAL GUARD SDN BHD** कम्पनीको विज्ञापनमा अन्तर्वार्ता मिति ३१ अक्टुवर र १ नोभेम्बर हुनु पर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mini Baby Trading Est.

पूर्व स्वीकृति मिति २०८०/०७/०२ — LT. No. 294229 — चलानी नं. ६०२०९३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 4 | 0 | 1500 | ५३२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066
**IMPERIAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np


# Invitation for E-bids
# Chure Rural Municipality

**Office of the Rural Municipal Executive**
**Gharkheda, Kailali**

## INVITATION FOR THE BIDS

**Date of publication: . Oct, 20th, 2023 (2080/07/03)**

1. ***Chure Rural Municuplity**, **Office of the Rural Municipal Executive, Gharkheda, Kailali*** has allocated fund from RM office intends to apply part of the funds to cover eligible payments under the Contract as mentioned in table below. E-bidding is open to all eligible Nepalese E-bidders.
2. ***Office Of the Rural Municipal Executive, Gharkheda, Kailali*** invites sealed bids from eligible E-bidders for the construction works as per table below under Sealed Quotation E-bidding (NCB) procedures. Only eligible E-bidders should participate in this E-bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost excluding VAT (NRs) | E-bid Security (NRs) | E-bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ Works/01/080/081 | Construction Of Bhanu Ma.Vi School Hostel, Chure 03, Kailali | 89,76,826.05 | 3,00,000/- | 3,000/- | E-bid only |
| 2 | CRM/NCB/ Works/02/080/081 | Upgrading Of Ghodthar Sayal Road, Chure 01, Kailali | 36,17,804.28 | 1,00,000/- | 3,000/- | E-bid only |

3. Eligible E-bidders may obtain further information and inspect the Sealed E-bid Documents at ***Office Of the Rural Municipal Executive (CRM), Gharkheda, Kailali, Phone no:*** **9858488012.**
4. A complete set of E-bidding Documents may be purchased from PPMO epg system (www.bolpatra.gov.np/egp) or ***Office Of the Rural Municipal Executive (CRM) Gharkheda, Kailali*** by eligible E-bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment voucher of non-refundable fee of NRs. 3000.00(in .pdf format) (NRs Three Thousand only) in **rajaswo khata** no.: 0820529963703006 Laxmi Sunrise Bank, Sahajpur Branch till ***2080/08/03 (19 Nov, 2023)*** during office hours.

**Name of the Bank** : Laxmi Sunrise Bank Ltd.

**Bank Name of Office** : ***Chure Rural Municipality,*** Gharkheda, Kailali

Office **rajaswo khata** no. : 0820529963703006

5. E-bids must be submitted through PPMO Website www.bolpatra.gov.np on or before 12:00 noon on 2080.08.04 (**20th Nov, 2023**). E-bids received after this dead line will be rejected.
6. The E-bids will be opened in the presence of E-bidders' representatives who choose to attend on **14:00** PM of **2080/08/04 (20th Nov,2023)** at ***Office Of the Rural Municipal Executive (CRM), Gharkheda, Kailali***. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.3,00,000/- and NRs.1,00,000/- for the respective projects mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If E-bidder wishes to submit the E-bid Security in the form of cash, the cash should be deposited in **Dharauti Khata No.** 0820529963703003 at ***Laxmi Sunrise Bank Ltd. Sahajpur, Kailali Branch*** and submit the receipt of the deposited amount of cash along with the E-bid.
8. If the last of date purchasing and /or e-E-bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the E-bid security shall remain the same as specified for the original last date of e-E-bid submission.
8. E-bidders are advised to visit site and assess the actual site conditions before submitting their e-E-bid.
10. Employer reserves the right to accept or reject, wholly or partly any or all the E-bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# थाक्रे गाँउपालिका

**गाँउ कार्यपालिकाको कार्यालय**
**महादेबवेसी, धादिङ**
**बागमती प्रदेश, नेपाल**

## गाउँपालिकाको प्रशासनिक भवनका लागि सरसफाई र सुरक्षा गार्ड सेवा उपलब्ध गराउने सिलबन्दी सम्बन्धी विद्युतिय वोलपत्र (E–Bid) आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/०३)**

यस गाउँपालिकाको प्रशासनिक भवनको सुरक्षा, कार्यालयको चल अचल सम्पत्तिको चौविसै घण्टा सुरक्षा प्रदान गर्नका लागि र सरसफाई सम्बन्धी सेवा दिनको लागि सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/संस्थाहरूबाट फर्म दर्ता नविकरण, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०७९/०८० आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित रितपूर्वक सिलबन्दी दरभाउ पत्र पेश गर्नका लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्र सम्बन्धी विवरण http://www.bolpatra.gov.np अन्य विवरण गाँउपालिकाको web site:www.thakremun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ ।

| सि.नं. | बोलपत्र नं. | प्रस्ताव पेश गर्ने माध्यम | विवरण | संख्या | प्रस्तावपत्र दस्तुर | प्रस्तावपत्र जमानत |
|---|---|---|---|---|---|---|
| १. | 4/NCB/Works/ 2080/081 | विद्युतिय बोलपत्र | सुरक्षा गार्ड | ४ जना | रु १,०००|- | कवोल अंकको ५ प्रतिशत |
| | | | सरसफाई कर्मचारी | २ जना | | |

बैङ्कको नामः प्रभु वैंक महादेववेशी शाखा, धादिङ।
बैङ्क खाता नं.: ०५१०१०१११८९०००४१ (धरौटीको लागि)
बैङ्क खाता नं. : ०५१०१०११८९००१२१ (बोलपत्र खरिदका लागि)
सूचना प्रकाशन भएको मितिः २०८० कार्तिक ३ गते
सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय : २०८० कार्तिक १६ गते दिनको १२:०० बजे सम्म
सिलबन्दी प्रस्ताव खोलिने मिति र समयः २०८० कार्तिक १६ गते दिनको २:०० बजे

**प्रमुख प्रशासकीय अधिकृत**


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CIVILIZATION UNION INVESTMENT FOR SPECIALIZED MEDICAL COMPLEX

पूर्व स्वीकृति मिति २०८०/०७/०२ — LT. No. 294207 — चलानी नं. ६०२०९२८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaner | 0 | 1 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क–

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BW SCAFFOLD INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०७/०२ — LT. No.294199 — चलानी नं. ६०२०९२८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com


# Mandandeupur Municipality

**Office of Municipal Executive**
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 20th Oct 2023)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S.N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1. | Interior Work and Carpet Parda of Municipal Office Building | 12/Works /NCB/ MDM/ 080/81 | 21/11/2023 12:00 hrs. | 21/11/2023 13:00 hrs. | Nrs.3000 | 100000 | 3674412.55 |

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## पर्यटकको सत्कारमा ध्यान देऊ

दसैंले नेपाललाई छपक्कै छोपेको छ । यो बेला सडक, हवाइमार्ग प्रयोग गरी आउजाउ गर्नेको संख्या बढ्दो छ । यो नेपाली पर्यटन व्यवसायका लागि सेवाको समय पनि हो । पर्यटनका लागि सिजनको रूपमा कात्तिक–मंसिरलाई लिने गरिन्छ । यो बेला धेरै संख्यामा विदेशी पर्यटक नेपाल आइपुग्छन् । नेपालका हिमाल हेर्न र यहाँका पुरतत्त्विक विषयहरूमा चाख राख्नेहरू काठमाडौं आइपुग्छन् । यतिमात्र हैन यहाँका वातावरण अध्ययन गर्न पनि विभिन्न देशबाट पर्यटक यो समयमा आइपुग्छन् ।

विदेशीमात्र हैन पर्वको याममा नेपालीहरू पनि ठूलो संख्यामा सहरबाट बाहिरी क्षेत्रमा घुम्न पुग्छन् । दसैं बिदाको अवसरमा पूर्वदेखि पश्चिममा देवदेवी थान, हिमाल, तालहरू, चिया बगानदेखि स्याउ खेती हुने मनाङ–मुस्ताङसम्म नेपालीहरू घुम्न पुग्छन् । यो बेला सरकार पनि दसैं 'भ्याकेसन' मुडमा देखिन्छ । तर, नेपाली पर्यटन व्यवसायीले वर्ष दिन धान्ने कमाइ यही सिजनमा गर्छ । यस्तो बेला सरकारले अतिथि सत्कार र सडक तथा हवाइमार्गहरू व्यवस्थित पार्नुपर्छ ।

केही सीमित ठाउँमा सफाइको नाममा मन्त्रीको स्टन्टबाजीबाहेक सरकारले केही गरेको देखिन्न । पर्यटकीय क्षेत्रमा सरकारले जति सक्दो सहज र सजिलो हुने गरी पर्यटकलाई सुविधाको व्यवस्था मिलाइदिनुपर्छ । चाहेको सेवा नपाउँदा बेलाबेला नेपाली पर्यटन क्षेत्रको खस्कँदो अवस्थाबारे विदेशी मिडियामा चर्चा चलेको हामीले देख्दै आएका छौं । पर्यटन नेपालमा विदेशी मुद्रा भित्र्याउने मुख्य माध्यमको रूपमा रहेको छ । पर्यटन नेपाली अर्थतन्त्रको आधारस्तम्भ पनि हो । नेपाल धार्मिक हिसाबले मात्र नभई विविध हिसाबले पर्यटकको रोजाइमा पर्दै आएको छ । तर सुरक्षा व्यवस्था, गन्तव्यमा पुग्ने स्थानको उचित व्यवस्थापन नहुँदा पर्यटक मारमा पर्दै आएका छन् । कुन ठाउँमा जाँदा कति खर्च लाग्छ, केही अप्ठेरो आइपरे के गर्ने ? पर्यटकीय मार्गमा स्वस्थ सेवाको उपलब्धतामा कमी । यस्तै विषयमा सरकारले अझै ध्यान पुर्‍याउन सकेको छैन । अझ कतिपय ठाउँमा ट्राञ्जिट पर्दा पर्यटकमाथि चरम लुटको अवस्था सिर्जना हुँदासमेत सरकार मौन बसेको देखिन्छ । लुक्लामा केही दिनअघि मौसमका कारण छ दिन उडान बन्द हुँदा ट्राञ्जिट बनेको मन्थलीमा यसरी नै पर्यटक मारमा परेका थिए ।

